# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ चौमाला, कैलाली माघ १७ गते शुक्रवार , २०७६ साल (संख्या २)

## भाग - १

### गौरीगङ्गा शिक्षा ऐन, २०७६

**प्रस्तावना** : सर्वसाधारण जनताको सदाचार शिष्टाचार, नैतिकता तथा इमान्दारिता कायम गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनशक्ति तयार गर्न गौरीगङ्गा नगरपालिकाभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरूको प्रभावकारी सञ्चालन, व्यवस्थापन र नियमन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्दै जीवनोपयोगी तथा गुणस्तरीय शिक्षाको सुनिश्चतता गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्न गौरीगङ्गा नगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम गौरीगङ्गा शिक्षा ऐन, २०७६ रहेको छ।

२) यो ऐन नगरपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका, कैलाली र कार्यपालिका भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

गौरीगंगा राजपत्र

ख) "प्रारम्भिक बालविकास शिक्षा वा पूर्वप्राथमिक शिक्षा" भन्नाले सामान्यतया चार वर्ष उमेर पुरागरेका बालबालिकालाई दिईने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ।

ग) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिईने शिक्षा सम्झनु पर्छ।

घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिईने शिक्षा सम्झनु पर्छ।

ङ) "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिईने शिक्षा सम्झनु पर्छ।

च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ।

छ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्नेछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

ज) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ।

१) दृष्टिबिहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक आदि कारणले पछाडि परेका व्यक्तिलाई विभेदरहित बातावरणमा दिइने शिक्षा ,

झ) "सभा" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगरसभा सम्झनु पर्छ।

ञ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनुपर्छ।

ट) "माध्यामिक विद्यालय" भन्नाले पूर्वप्राथमिक कक्षादेखि कक्षा १० वा १२ सम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

ठ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय सम्झनुपर्छ।

ड) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा पाँच वा आठसम्मको शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

ढ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक शिक्षा सम्झनु पर्छ।

गौरीगंगा राजपत्र

ण) “विद्यालय” भन्नाले सामुदायिक वा संस्थागत वा दुबै विद्यालय सम्झनु पर्छ ।

त) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

थ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १४ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा निज विद्यार्थीलाई पालनपोषण गरी संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

द) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

न) “आधारभूत शिक्षा परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने कक्षा आठको वार्षिक परीक्षा सम्झनुपर्छ ।

प) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

फ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ब) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेत जनाउँछ ।

भ) “नमुना विद्यालय” भन्नाले नगरपालिकाले निर्धारण गरेको मापदण्ड पुरा गरेको विद्यालय सम्झनुपर्छ ।

म) “आयोग” भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

य) “प्रमुख” भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

गौरीगंगा राजपत्र

र) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गौरीगङ्गा नगरपालिकाको कार्यालय प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

ल) “शाखा प्रमुख” भन्नाले गौरीगङ्गा नगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख (उप सचिव वा अधिकृतस्तर नवौं वा दशौं) वा शाखा प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा प्रशासन सेवाको अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

व) “नगर शिक्षा समिति” भन्नाले गौरीगङ्गा नगरपालिकाका शिक्षा ऐन, २०७६ को दफा ९ (१) बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

श) “सङ्घीय शिक्षा ऐन” भन्नाले सङ्घीय संसदले बनाएको र देशभर लागू हुने प्रचलित शिक्षा ऐनलाई सम्झनुपर्छ ।

ष) “राष्ट्रिय किताबखाना” भन्नाले सङ्घीय कानुन बमोजिम गठन भएको, शिक्षक तथा राष्ट्रसेवक सेवा सम्वन्धी अभिलेख अधावधिक गर्ने कार्यालय सम्झनु पर्छ ।

स) “शाखा अधिकृत” भन्नाले विद्यालय सुपरीवेक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत ( अधिकृत स्तर छैटौं वा सातौं वा आठौं) सम्झनु पर्छ ।

ह) “मन्त्रालय” भन्नाले सङ्घीय सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

क्ष) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) नगरपालिकाभित्र कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा नगर शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

गौरीगङ्गा राजपत्र

(५) उपदफा (२) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(६) पूर्वप्राथमिक विद्यालय, भाषा कक्षा, कोचिङ, ट्यूसन, प्रशिक्षण जस्ता शैक्षिक संस्था सञ्चालन गर्न पूर्वस्वीकृति लिनु पर्ने छ यस्ता संस्थाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :

क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक बोर्ड (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनुपर्ने,

ख. शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट नियमित लेखा परीक्षण गराउनुपर्ने,

घ. शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक बोर्ड (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगर शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर



गौरीगंगा राजपत्र

विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले शर्त तोकी नगरपालिकाभित्र विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्न नगरपालिकाको पूर्वस्वीकृति लिइ मन्त्रालय समक्ष निवेदन दिन सकिनेछ ।

(१२) उपदफा (११) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

(१३) सुधार गृह, विद्यालय सञ्चालनको अनुमति र सञ्चालन : नगरपालिकाभित्रको सुधार गृहमा रहेका बालबालिकाहरूको विद्यालय शिक्षाको व्यवस्थापन गर्न विशेष प्रकारको सामुदायिक विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिने छ । यसरी अनुमति माग भइ आएमा आवश्यकता र औचित्यको आधारमा एक पटकमा एक कक्षा वा सोभन्दा बढी कक्षा वा तह सञ्चालनको अनुमति प्रदान गर्न सकिने छ ।

(१४) उपदफा (१३) बमोजिम सुधार गृहमा सञ्चालन हुने विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारी व्यवस्थापन र परीक्षा सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(१५) उपदफा (११) र (१३) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले तोकिएका शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा नगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

४.**विद्यालयको सञ्चालन** : विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको माध्यम** : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :

(क) पूर्वप्राथमिक र प्राथमिक शिक्षा (कक्षा १ देखि ५ सम्म) मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले कानून बमोजिम नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा स्वीकृत अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषय अध्ययन अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** : (१) विद्यालयले सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्‍याएको मानिने छैन ।

(३) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

७. **कार्यपालिकाको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) नगरपालिकाको शैक्षिक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने तथा शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुख वा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ग) शैक्षिक गुणस्तर कायम गर्न आचारसंहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) शिक्षा सम्बन्धी कानुन बमोजिमको व्यवस्थाहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) समय समयमा नगरपालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराइ अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र रही आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

(झ)अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर-शिक्षा सम्बन्धी मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ञ) शिक्षा सम्बन्धी ऐन जारी एवम् संशोधन गर्न विधेयक नगर सभामा पेश गर्ने तथा यस ऐन बमोजिम नियमावली जारी गर्ने,

(ट) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

(ठ) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ड) नगर स्तरीय नमूना विद्यालयको मापदण्ड निर्धारण र प्रवर्द्धन सम्बन्धी कार्य गर्ने

गौरीगङ्गा राजपत्र

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र-छात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, शर्त एवम् पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा सामान्यतः संस्थागत विद्यालयहरूको सङ्गठनको सहभागिता एवम् राय परामर्श लिन सकिनेछ ।

८. **नगर शिक्षा समिति** : (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वयलगायतका कार्य गर्न देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

(क) नगर प्रमुख — अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

घ) नगर कार्यपालिकाका सदस्यहरू मध्येबाट कम्तिमा एक जना महिलाको प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको दुई जना — सदस्य

ङ) शिक्षक महासङ्घ नगर समितिको अध्यक्ष वा प्रतिनिधि एक जना — सदस्य

च) सामुदायिक विद्यालयहरूमा रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

छ) सामुदायिक विद्यालय र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जना रहने गरी नगर शिक्षा समितिले मनोनित गरेको दुई जना — सदस्य

ज) नगरपालिका भित्रका प्राज्ञिक र विद्वत वर्ग मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना शिक्षाविद — सदस्य

झ) शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख — सदस्य-सचिव

उपरोक्त समितिमा मनोनयन गर्दा अपाङ्गता भएका, दलित, महिला, आदिवासी जनजाती समेतको प्रतिनिधित्व हुनेगरी समावेशी बनाउनु पर्ने छ ।

(२) समितिमा मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट

गौरीगंगा राजपत्र

हटाउन सक्नेछ । तर यसरी समितिबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) समितिले परम्परागत र धार्मिक विद्यालयका प्रमुख, प्रवुद्ध व्यक्ति, विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई आवश्यकता अनुसार बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको शैक्षिक नीति तथा योजना तर्जुमा गर्ने गराउने,

(ख) बालबालिकालाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य प्रदान गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ग) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(घ) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजना कार्यन्वयनको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(ङ) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग तथा नगरपालिकामा प्राप्त स्रोत साधान विद्यालयहरूलाई न्यायोचित बाँडफाँड गर्ने,

(च) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको नियमित निरीक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सुझाव दिने र सहयोग गर्ने,

(ज) विशेषज्ञहरूको सूची तयार गरी विद्यालयहरूको भौतिक र प्राज्ञिक पक्षको परीक्षण र लेखा परीक्षण गराउने र प्राप्त प्रतिवेदन अनुसार सुझावहरू विद्यालय तहमा कार्यान्वयन गर्ने गराउने

(झ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामुलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ञ) विद्यालयको भौतिक अवस्थाको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(ट) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्न सहयोग गर्ने तथा यसका लागि विद्यालय

गौरीगंगा राजपत्र

व्यवस्थापन समितिलाई नगरपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता दक्ष र योग्य जनशक्तिलाई स्वयम्सेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ठ) शिक्षकको उच्च कार्यदक्षता र विद्यार्थी सिकाइ उपलब्धिमा गरेको सुधारका आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ड) नमूना विद्यालयको मापदण्ड निर्धारण गरी त्यसको प्रबर्द्धन गर्ने ।

(ढ) नगरपालिकाभित्र विद्यालयस्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलापको सञ्चालन गराउने र सोका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ण) नगरपालिका भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउन आवश्यक व्यवस्था गर्ने,

(त) साधारण, प्राविधिक शिक्षा, विशेष शिक्षा तथा समावेशी शिक्षा, परम्परागत शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(थ) विद्यालयहरूको विपद् जोखिमको अवस्था लेखाजोखा गरी जोखिम न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(द) विद्यालय शिक्षामा सुधारका लागि भौतिक तथा आर्थिक सहयोग गर्न अभिभावक तथा अन्य सङ्घ संस्थालाई अभिप्रेरित गर्ने,

(ध) विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(न) विद्यालयका शिक्षक, कर्मचारीहरूको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा स्थायी शिक्षक, कर्मचारी नियुक्तिका लीग शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने र स्वीकृत रिक्त वा राहत दरवन्दीमा शिक्षक र कर्मचारी सरुवा एवम प्रधानाध्यापक नियुक्तिको मापदण्ड तयार गरी लागू गराउने ।

प) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीका लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने, गराउने,

तर कुनै शिक्षक वा कर्मचारीलाई यस बमोजिम कारवाही गर्नुपूर्व आफ्नो तर्फबाट सफाइको मौका पेश गर्नबाट बञ्चित गरिने छैन ।

(फ) वार्षिक शैक्षिक पात्रो (क्यालेण्डर) निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(ब) विद्यालय नक्साङ्कन, सेवाक्षेत्र निर्धारण तथा विद्यालय समायोजन सम्बन्धी कार्य गर्ने,

गौरीगंगा राजपत्र

गराउने,

(भ) नगरपालिकाभित्र सञ्चालित कोचिङ कक्षा, ट्यूसन, विद्यार्थी आवास गृह, भाषा प्रशिक्षण, तथा तालिम केन्द्र र शैक्षिक परामर्श केन्द्र सञ्चालन अनुमति, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने ।

(म) शिक्षा नीति, ऐन तथा नियमावली बमोजिम आवश्यक निर्देशिका तथा मापदण्डहरू निर्धारण गर्ने,

(य) सामुदायिक विद्यालयमा शिक्षक र कर्मचारी विद्यार्थी सङ्ख्याका आधारमा दरबन्दी निर्धारण तथा मिलान सम्बन्धी काम गर्ने, गराउने,

(ल) प्रचलित कानून बमोजिम आफ्नो जिम्मेवारी पुरा नगर्ने पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई कारवाही गर्ने, गराउने,

(व) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) नगर शिक्षा समितिको बैठक :

(क) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ ।

(ख) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

(ग) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगर शिक्षा समितिको बैठक भत्ता कार्यपालिका बैठक सरह हुनेछ ।

(७) बैठक सञ्चालनका लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(८) बैठकका निर्णयहरू अध्यक्षले प्रमाणित गरी सदस्य सचिवले सुरक्षित राख्नु पर्नेछ ।

९. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख र नगर शिक्षा समितिको मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षालाई मौलिक हकको रुपमा कार्यान्वयन गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवम् अनुगमन गर्ने, गराउने,

गौरीगङ्गा राजपत्र

(ख) नगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) कार्यपालिका तथा नगर शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने गराउने,

(घ) शैक्षिक गुणस्तर अभिवृद्धि तथा उच्च शैक्षिक उपलब्धिका लागि शाखा प्रमुख र शाखा अधिकृतसँग कार्यसम्पादन करार गर्ने,

(ङ) विद्यालयहरूको नियमित लेखा परीक्षण गराउने ।

**१०. शिक्षा, युवा तथा खेलकुद शाखा** : (१) नगरपालिकामा शिक्षा प्रशासन सम्बन्धी कामकाज गर्न एक शिक्षा, युवा तथा खेलकुद शाखा रहने छ ।

(२) उपदफा (१) बमोजिमको शाखा प्रमुखका रुपमा शिक्षा सेवाको रा.प.द्वितीय श्रेणी, उप सचिव वा अधिकृत स्तर नबौं वा दशौं तहको कर्मचारी रहने छ ।

(३) शाखा प्रमुखको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा सम्बन्धी संघीय, प्रादेशिक र स्थानीय सरकारले पारित गरेका शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) शिक्षा सम्बन्धी नगरस्तरीय योजना बनाइ नगर शिक्षा समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) शैक्षिक गतिविधि, अवस्था एवम् प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थिति प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको अन्त्यसम्ममा प्रकाशित गर्ने गराउने,

(घ) अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा सम्बन्धी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने तथा सोको अभिलेख तयार गर्ने, गराउने,

(ङ) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्‌यालयका शिक्षकलाई विद्यार्थी सङ्ख्या बढी भएको अर्को सामुदायिक विद्यालयमा नगर शिक्षा समितिले तयार गरेको मापदण्ड अनुसार सरुवा गर्ने,

(च) यो ऐन र यस ऐनको नियमावली बमोजिम बालविकास केन्द्र, सामुदायिक अध्ययन केन्द्र, पुस्तकालय र विद्यालयहरू सञ्चालन भए नभएको सम्बन्धमा नियमित रुपले अनुगमन निरीक्षण र सुपरीवेक्षण गरी र गराई त्यसको प्रतिवेदन तयार गर्ने र आवश्यक कारवाहीका लागि



गौरीगङ्गा राजपत्र

सिफारिस गर्ने ।

(छ) शिक्षाको गुणस्तर अभिबृद्धि गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीका लागि समय समयमा बैठक, गोष्ठी,अन्तरक्रिया तालिम आदि सञ्चालन गर्ने गराउने ,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको संयोजक भइ कामकाज गर्ने,

(झ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाइ जाँच गराउने, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सोसम्बन्धमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(ञ) यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा यो ऐन तथा यसको नयमावली बमोजिम विद्यालय सञ्चालन गर्ने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने र शिक्षाको गुणस्तर सुधार गर्ने,

(ट) आधारभूत तथा माध्यामिक शिक्षा परीक्षाको लागि रजिस्ट्रेसन फारम भरेका विद्यार्थीको नाम, थर, उमेर, प्रचलित कानुन बमोजिम संशोधन गर्ने,

(ठ) आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने ,

(ड) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने, गराउने,

(ढ) शिक्षक र कर्मचारीको नियमित कार्यसम्पादन मूल्याङ्कन गरी, गराई त्यसको अध्यावधिक विवरण आयोगमा पठाउने,

(ण) नगरपालिकाको शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने, शिक्षक तालिम तथा अन्य शैक्षिक क्रियाकलापको नेतृत्व लिने,

(त) माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(थ) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको शुरुमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(द) शाखा अधिकृतलाई विद्यालय निरीक्षणको सूचक बनाई नियमित निरीक्षण गर्न पठाउने र निरीक्षणमा खटिएका शाखा अधिकृतले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत

गौरीगङ्गा राजपत्र

निरीक्षण गर्ने, प्रतिवेदन लिने,

(ध) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने, गराउने,

(न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(प) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री र निःशुल्क पाठ्यपुस्तकका सम्बन्धमा अनुगमन गरी सम्बन्धित निकायमा आवश्यक सुझाव पठाउने,

(फ) विद्यालयको लेखा परीक्षक नियुक्ति गर्ने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फछ्र्यौट गर्न लगाउने,

(ब) शैक्षिक परियोजनाहरूको सिफारिस, समन्वय तथा निरीक्षण गर्ने, गराउने,

(भ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(म) विद्यालयको शैक्षिक योजना तथा कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सोअनुसार कार्यन्वयन गर्ने, गराउने,

(य) शाखा अधिकृतको कामको अनुगमन, सुपरीवेक्षण गरी निजहरूबाट प्राप्त निरीक्षण प्रतिवेदन उपर कारवाही गर्ने,

(र) शिक्षकलाई तालिमका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने तथा माग भए बमोजिम उपयुक्त सहभागी छनोट गरी पठाउने,

(ल) प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने, गराउने,

(व) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(श) विद्यालयका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा सेवा करार गरी शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धमा नगर शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने, गराउने,

(ष) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्ड दिन नगर शिक्षा समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेश गर्ने,

(स) संस्थागत, परम्परागत र धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको

गौरीगंगा राजपत्र

पालना गर्न लगाउने र आवश्यक नियमन गर्ने, गराउने,

(ह) शाखा अधिकृत तथा प्रधानाध्यापकहरूको कार्यसम्पादन करार गर्ने,

(क्ष) नगरपालिकाभित्र सञ्चालित कोचिङ कक्षा, ट्यूसन, विद्यार्थी आवास गृह, भाषा प्रशिक्षण तथा तालिम केन्द्रहरू र शैक्षिक परामर्श केन्द्रहरूको निरीक्षण, अनुगमन तथा नियमन गर्ने, गराउने,

(त्र) नगर सभा, कार्यपालिका, नगर शिक्षा समिति, प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आयोग, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षासँग सम्बन्धित निकायहरूबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने, गराउने ।

११. **शाखा अधिकृतको काम, कर्तव्य र अधिकार** : शाखा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. **परीक्षा समिति** (१) नगरपालिकाका विद्यालयहरूमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा समन्वयका लागि एक परीक्षा समिति रहनेछ ।

(२) परीक्षा समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

१३. **विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरूले आफूहरूमध्येबाट दलित, आदिवासी जनजाती, महिला र अन्य सवै समुदायबाट पर्ने गरी सर्वसम्मत छनोट गरेका ४ जना — सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा समितिले तोकेको वडा समितिको सदस्य एकजना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई रु. दश लाख वा सो भन्दाबढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

गौरीगङ्गा राजपत्र

(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानेर पठाएको शिक्षक प्रतिनिधि एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका विद्यार्थीका अभिभावहरू र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरू पहिलो दिनको अभिभावकहरूको भेलाले सर्वसम्मतबाट चयन हुन नसकेमा सार्वजनिक सूचना अनुसार दोस्रो दिनको अभिभावकहरूको भेलाले लोकतान्त्रिक प्रकृया बाट १ जना अध्यक्ष र तीन जना सदस्यहरु सहित ४ जनाको चयन गर्नेछन् ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमका सदस्यहरूले आफू मध्येबाट एक जना अध्यक्ष छनौट गर्नेछन् । यसरी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(५) शाखा प्रमुख वा सम्बन्धित विद्यालय निरीक्षण गर्न तोकिएको शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(६) विद्यमान व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नुपर्ने छ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयले

सिफारिस गरेका व्यक्ति मध्येबाट शाखा प्रमुखको

सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा समितिले तोकेको वडा सदस्य १ जना - सदस्य

(ग) अभिभावकहरू मध्येबाट एक जना महिला समेत पर्ने गरी

विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका २ जना - सदस्य

(घ) सम्बन्धित क्षेत्र हेर्ने शिक्षा शाखाको शाखा अधिकृत १ जना - सदस्य

गौरीगङ्गा राजपत्र

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी

पठाएको शिक्षक प्रतिनिधि १ जना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक १ जना - सदस्य सचिव

(छ) शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(८) उपदफा (१), (२) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(९) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा नगर शिक्षा समितिले स्वीकृत गर्नेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालनका लागि प्राप्त साधन स्रोतको उच्चतम परिचालन गर्ने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा गरी लागत राख्ने, राख्न लगाउने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइ राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकामा दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाले तोकेको लेखा परीक्षकबाट विद्यालयको नियमित वार्षिक लेखा परीक्षण गराउने,

(छ) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(ज) नगर शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाले दिएको आदेश तथा निर्देशनहरू पालना गर्ने, गराउने,

(झ) आफैले नियुक्ति वा बढुवा गरेका शिक्षक र विद्यालय कर्मचारीहरूको लागि तोकिए बमोजिमको परिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

गौरीगङ्गा राजपत्र

(ञ) शिक्षाको गुणस्तर कायम गर्न नियमानुसार ११ सदस्यीय शिक्षक अभिभावक सङ्घ गठन गर्ने ।

(१३) विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१४) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१५) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालनका लागि प्राप्त साधन स्रोतको उच्चतम परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक जनशक्ति, भौतिक स्रोत, साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने, सोको लगत राख्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले लागु गरेका पाठ्यक्रम, पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा नगर शिक्षा समितिको स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा खुला प्रतिस्पर्धाबाट नियुक्त गर्ने,

(छ) अस्थायी रुपमा नियुक्त शिक्षकलाई निश्चित अवधि तोकी स्थायी हुने अवसर प्रदान गर्ने,

(ज) नेपाल सरकारले तोकेको तलब स्केलमा नघटाई शिक्षक र कर्मचारीहरूलाई तलब दिने,

(झ) अनुशासनहीन शिक्षक र कर्मचारीहरू उपर कारवाही गर्ने,

(ञ) नगरपालिकाले दिएका निर्देशनहरूको पालना गर्ने, गराउने ।

(१६) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१७) वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. विद्यालयको व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन

गौरीगङ्गा राजपत्र

समिति देहायका अवस्थामा नगर शिक्षा समितिले विघटन गर्न सक्नेछ :

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको नीति एवम् हित विपरित काम गरेमा,

(घ) यो ऐन र यसको नियमावलीको विपरीत कार्य गरेमा,

(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा,

(च) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा

तर त्यसरी व्यवस्थापन समिति विघटन गर्नुपूर्व सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम विद्‌यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म नगर शिक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

१५.**विद्यालयको विनियम** : (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभा र विद्यालय व्यवस्थापन समितिबाट पारित गराई लागु गर्नुपर्नेछ ।

(२) अभिभावक सभाले विनियम आवश्यकता अनुसार सशोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्ने व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४)अध्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोहीले हेर्न पाउनेछ ।

१६. **नगरपालिकाले निर्देशन दिन सक्ने** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ र निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तब्य हुनेछ ।

१७.**नगर शिक्षा कोष** : (१) गौरीङ्गगा नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ जसमा देहायका रकमहरू रहनेछन् :

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) शिक्षा करबाट उठेको रकम,

(घ) चन्दाबाट उठेको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१८. **विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने :** नगर शिक्षा समितिले तोकिएको मापदण्डको आधारमा सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

१९. **विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको जग्गा र अन्य सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । सामुदायिक विद्यालयको सम्पत्तिको प्रमुख संरक्षक नगरपालिका हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(५) विद्यालयको सम्पत्तिको अभिलेख संरक्षण र प्रयोग तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

२०. **विद्यालयलाई छुट र सुविधा :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२१. **विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२२. **विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नुपर्ने :** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको अवाञ्छित कियाकलाप र दलगत राजनीतिक गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र

गौरीगङ्गा राजपत्र

शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

२३.**शुल्क सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकार वा नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि अभिभावकहरूले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक मात्र भर्ना शुल्क लिनु पर्नेछ । पुनः सोही विद्यालयको अर्को  वा सोही कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको

शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क नगर शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदो विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा नगर शिक्षा समितिले त्यस्तो शुल्क सम्बन्धित विद्याथीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगर शिक्षा समितिले प्रत्येक पटक पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२४. **शिक्षक महासङ्घ, अभिभावक सङ्घ, शिक्षक तथा कर्मचारीको पदीय आचारण र अन्य व्यवस्था** : (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक शिक्षक महासङ्घ रहनेछ ।

(२) शिक्षक महासङ्घको गठन तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय शिक्षाको गुणस्तर उन्नयन तथा विद्यार्थीको हक हितको सम्बन्धमा कार्य गर्न

नगरपालिकामा एक नगरपालिका स्तरीय अभिभावक सङ्घको व्यवस्था गरिनेछ ।

(४) नगरपालिका स्तरीय अभिभावक संङ्घको गठन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने छ :

क) पदीय दायित्व पूरा नगरेमा वा पेशागत संघ संस्था बाहेक अन्य कुनै संघ संस्थाको प्रमुख वा कार्यकारिणी पदमा मनोनित वा निर्वाचित भएमा,

ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कामगरेमा वा अन्य कुनै व्यवसायिक कियाकलाप सञ्चालन गरेमा

च) शिक्षक वा कर्मचारी कुनै राजनीतिक दलको सदस्य रहेको पाइएमा ।

२५. **स्थायी आवासीय अनुमति लिन नहुने** : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिनेछ ।

२६. **शैक्षिक योग्यता** : विद्यालय शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता र तालिम तोकिए बमोजिमको हुनेछ ।

२७. **शिक्षकलाई अन्य काममा लगाउन नहुने** : (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने र विद्यालयको प्रशासनिक व्यवस्थापन सम्वन्धी काममा बाहेक अन्यकामकाजमा लगाउन पाईने छैन ।

(२)उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्नेगरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले शिक्षा प्रशासन सम्वन्धी अन्य कुनै काममा खटाउन सकिनेछ ।

२८) **तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने** : नियमानुसार बिदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित भएको अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**(३९) बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुब्यवहार गर्न नहुने ।**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकाबाट शारीरिक वा मानसिक यातना दिन वा दुब्यवहार गर्न पाईने छैन ।

३) विद्यालय हाताभित्र कुनै पनि बालबालिकालाई भेदभाव, दुब्यवहार, शोषण, लैगिंक हिंसा, शारीरिक वा मानसिक दण्ड सजाय र हेपाइ लगायतका कार्य गर्न पाईने छैन ।

**३०) शिक्षक नियुक्ति तथा बढुवा :** (१) सामुदायिक विद्यालयमा संघीय सरकार वा नगरपालिकाबाट स्वीकृत दरवन्दीमा शिक्षकको स्थायी नियुक्ति र बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) सामुदायिक विद्यालयमा रिक्त स्वीकृत दरवन्दी, राहत अनुदान र शिक्षण अनुदानमा अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि माग भइ आएमा अस्थायी करार शिक्षक र कर्मचारी नियुक्तिका लागि देहायबमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | संयोजक |
| ख) नगर शिक्षा समितिले तोकेका विषय विज्ञ २ जना | सदस्य |
| ग) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शाखा अधिकृत १ जना | सदस्य |
| घ) प्रधानाध्यापक | सदस्य सचिव |

(३) उपदफा (२) खण्ड (ख) को प्रयोजनको लागि नगरपालिकाले समय समयमा दरखास्त आहवान गरी विषयविज्ञहरूको व्यक्तिगत विवरण सहितको विज्ञ सूची अद्‍यावधिक गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयको विज्ञ सुचीकृत हुन नसकेको अवस्थामा समितिले अन्यत्रबाट विज्ञ आमन्त्रण गरी तोक्न सक्नेछ ।

(५) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए उपदफा (२) को समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(६) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) विद्यालयमा स्वीकृत दरवन्दीमा तत्काल करारमा शिक्षक र कर्मचारी नियुक्ति गर्नु पर्ने भएमा समितिले शिक्षा युवा तथा खेलकुद शाखा मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूचीमा रहेका मध्येबाट निवेदन माग गर्नु पर्नेछ ।

गौरीगंगा राजपत्र

(८)उपदफा (८) बमोजिम सूचना प्रकाशित गरी सूचीमा रहेका आवेदनहरूमध्ये माथिल्लो योग्यताक्रमका उम्मेदवारलाई समितिले बढिमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम निवेदन माग गरिएको शिक्षक सेवा आयोगबाट प्रकाशित सूचीमा रहेका कुनै उम्मेदवारले करार शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम लिखित तथा अन्तरबार्ताको पक्रियाबाट बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१०) विद्यालयमा करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्रभित्र पनि स्थायी पद पूर्ति नभएमा स्थायी पदपूर्ति नभएसम्मका लागि कार्यरत शिक्षकको कार्यसम्पादन सन्तोषजनक देखिएमा एक पटकमा एक वर्ष नबढाई विद्यालय व्यवस्थापन समितिले म्याद थप गर्न सक्नेछ ।

**३१. शिक्षकको सरुवाः** (१) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा स्वीकृत वा राहत दरवन्दीमा कार्यरत शिक्षकले सरुवा हुन आवेदन दिएमा, निज शिक्षक कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुन चाहेको विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने तथा विषय र तह मिल्ने गरी नगर शिक्षा समितिको निर्णय बमोजिम  शाखा प्रमुखले सरुवा गर्न सक्नेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भई आउने वा यस नगरपालिकाबाट अन्यत्र सरुवा भई जान आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाइ विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार शाखा प्रमुखले सरुवा सहमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा जेसुकै लेखिएतापनि देहायका अबस्थामा दरबन्दी शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले नगरपालिका भित्र सरुवा गर्न सक्नेछ ।

(क) कुनै शिक्षक उपर सिकाइमा बारम्बार लापरबाही गरेको, कक्षामा नियमितता नभएको र आचरणसम्बन्धी गुनासो आएमा र अनुगमनबाट सोको पुष्टि भएमा ,

(ख) शैक्षिक प्रशासन शाखाबाट गरेको निरीक्षण, अनुगमनका आधारमा कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर नगर शिक्षा समितिले गरेमा ।

(ग) प्रधानाध्यापकको जिम्वेवारीमा रहेर तोकिएका जिम्मेवारी निबार्ह गर्न नसकेका कारण विद्यालयको अवस्था वर्षेनी कमजोर भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा र सोलाई पुष्टि गर्ने प्रमाण अनुगमन र निरीक्षणमा समेत पाइएमा,

(४) उपदफा (१), (२) र (३) मा उल्लेख भए बाहेक अन्य विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा कारण खुलाई आवश्यकता र औचित्यका अधारमा नगर शिक्षा समितिले सरुवा गर्न बाधा पर्ने छैन ।

गौरीगंगा राजपत्र

(५) प्रधानाध्यापकले विद्यालयमा नयाँ नियुक्ति वा सरुवा भइ आएका शिक्षकलाई हाजिर गराइ जिम्मेवारी दिनु पर्नेछ ।

(६) नगर शिक्षा समितिले गरेको सरुवा कार्यन्वयन गर्नु गराउन सम्वन्धित वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र सम्बन्धित शिक्षकको दायित्व हुनेछ । सरुवा गरेको शिक्षकलाई २१ दिनभित्र रमाना नदिने वा हाजिर नगराउने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ । पटक पटक अटेर गरेमा विद्यालयको हकमा अनुदान रोक्का राख्न सकिने छ । शिक्षकले सरुवा आदेशको पटक पटक उल्लंघन गरेमा निजको तलव भत्ता लगायतका सुविधा रोक्का गर्न सकिने छ ।

(७) नगरपालिकाको लिखित सिफारिस वा स्वीकृति विना नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भइ आउन सक्ने छैन ।

३२. **दरबन्दी मिलान** : नगर शिक्षा समितिले तोकिएको मापदण्डको आधारमा विद्यार्थी संख्या र विषय मिलान हुने भन्दाबढी दरबन्दी भएको विद्यालयहरूबाट कम दरबन्दी भएको विद्यालयहरूमा दरवन्दी सार्न वा शिक्षक सहितको दरबन्दी मिलान गर्ने सक्नेछ ।

३३) **अध्यापन अनुमति पत्र लिनुपर्ने** : आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण र शिक्षक पदमा नियुक्त गर्न पाउने छैन ।

३४) **विद्यालय कोष** : (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ जसमा देहायका रकमहरू रहनेछन् ।

क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

घ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान,

ङ) अन्य स्रोतबाट प्राप्त अनुदान,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको खाता सञ्चालन विद्यालयको प्रधानाध्यापक र विद्यालयको लेखाको कर्मचारी वा लेखाको कामगर्न तोकिएको शिक्षकको संयुक्त हस्ताक्षर बाट हुनेछ ।

३५) **अनुमति नलिई सञ्चालन गर्न नहुने** : (१) कानूनमा अन्य व्यवस्था भए बाहेक कसैले पनि



गौरीगंगा राजपत्र

नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, विद्यार्थी आवास गृह, शिक्षक तालिम केन्द्र, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा, ट्युसन वा कोचिङग सेन्टर, सञ्चालन गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३६) **कर्मचारी सम्वन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयमा तोकिए बमोजिमको सङख्यामा शिक्षक र कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिम शिक्षक, कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३७) **प्रारम्भिक बालविकास शिक्षाः** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बालविकास कक्षालाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

(३८) **अनौपचारिक शिक्षा** : नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाइ, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(३९) **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** : नगरपालिकाले समुदायमा साक्षरता, निरन्तर जीवन पर्यन्त शिक्षा, सीप विकास, आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(४०) **संस्थागत विद्यालयको नाम, स्थान परिवर्तन र छात्रवृति** : (१) संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृति कोटामा नगरपालिकाले जेहन्दार, विपन्न, अपाङग, महिला, मुस्लिम, पिछडा वर्ग, दलिद, अल्प संख्यक आदिबासी जनजाति र शहीद परिवारका विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको लागि सिफारिस गरी पठाउन सक्नेछ ।

(३) प्रत्येक विद्यालयले उपदफा (२) बमोजिम छात्रवृत्तिको लागि सिफारिस गरिएका विद्यार्थीको तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

४१) **विवरण बुझाउनु पर्ने** : संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रतिवेदन नगरपालिकामा बुझाउनु पर्नेछ र अनलाईमा पनि अद्यावधिक गर्नु पर्नेछ ।

४२) **दण्ड र सजाय** : (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा नगरपालिकाले भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने छ ।

गौरीगंगा राजपत्र

(२) कसैले देहायका कार्य, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग गरायएका त्यस्तो ब्यक्तिलाई कानून बमोजिम सजायको लागि नगरपालिकाले सम्बन्धित निकायमा प्रक्रिया बढाउने छ ।

क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा, उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा, गर्न लगाएमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा, गर्न लगाएमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा, दिन लगाएमा,

च) परीक्षाको मर्यादा भङग हुने अरु कुनै कार्य गरेमा

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा, दिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (२) मा उल्लेखित कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दा टुंगो नलागेसम्म निलम्वन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम तोकिएको विभागीय सजाय पनि हुनेछ ।

४३) **अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने** : विभागीय सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ ।

४४) **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ४१ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ । तर यस विषयमा अन्य प्रचलित कानूनमा छुट्टै ब्यवस्था भएकोमा सोही बमोजिम हुनेछ र सो विषयमा छुट्टै कानून नभएमा यसै बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

४५) **दरबन्दी सिर्जना गर्न सक्ने** : नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि नगरपालिकाले आवश्यता अनुसार निश्चित समयका लागि नगरपालिकाको अनुदानबाट तलवभत्ता खाने गरी करार शिक्षक तथा कर्मचारी पद सिर्जना गरी खुला प्रतिस्पर्धाबाट नियुक्त गर्न सक्नेछ ।

गौरीगंगा राजपत्र

४६) **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न यस ऐन बमोजिम नगरपालिकाले देहायका विषय तथा आवश्यक अन्य विषयमा नियमावली बनाउन सक्नेछ

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारण आधारहरू

ख) विद्यालयको छात्रवृत्ति,

ग) विद्यालयलाई दिइने अनुदान,

घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन,

ङ) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा मूल्याङकन,

च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान,

छ) विद्यालय नक्साङ्कन र समायोजन,

ज) विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,

झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन,

ञ) प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन,

ट) विद्यालयको सह तथा अतिरिक्त क्रियाकलाप,

ठ) विद्यालयको सम्पतिको सुरक्षा,

ड) विद्यालयको नामाकरण,

ढ) विद्यालयमा छात्रावास सञ्चालन सम्वन्धी व्यवस्था,

ण) विद्यालयको पाठ्यक्रम पाठ्यपस्तक र सर्न्दभ सामाग्री,

त) विशेष तथा समावेशी शिक्षा,

थ) अनौपचारिक तथा निरन्तर शिक्षा,

द) दूर तथा खुला शिक्षा,

ध) नगर शिक्षा कोष,

न) विद्यालयको कोष,

गौरीगंगा राजपत्र

प) विद्यालयको पुस्तकालय र वाचनालय,

फ) ट्युसन, कोचिङ शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,

ब) शिक्षक तथा विद्यर्थीको आचारसंहिता,

भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,

य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता,काम, कर्तब्य , अधिकार र सुविधा,

र) विद्यालयको झण्डा ,चिन्ह र प्रार्थना,

ल) विद्यालयको परीक्षा सञ्चालन तथा व्यावस्थापन

व) पुस्तकालय र बाचनालय सञ्चालन सम्वन्धी व्यवस्था,

श) अभिभावक शिक्षा,

ष) विद्यालय कर्मचारी ब्यवस्थापन,

स) विद्यालय निरीक्षण अनुगमन,

ह) विद्यालय निजी स्रोत शिक्षक कर्मचारी व्यवस्थापन,

क्ष) नमुना विद्यालय सञ्चालन सम्वन्धमा,

४७) **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनका लागि दफा ९ बमोजिम नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई नगर भित्र लागु गर्न सक्नेछ ।

४८) **बाधा अड्काउ हटाउने अधिकार** : यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर शिक्षा समितिले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ , त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

४९) **बचाउ र लागु नहुने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ । यस अघि गौरीगङ्गा नगरपालिकाको शिक्षा नियमावली, २०७४ बमोजिम भएका यस ऐनसँग सम्बन्धित कार्यहरू यसै बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार

गौरीगंगा राजपत्र

निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरू संविधान, संघीय तथा प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएका दफाहरू स्वतः निष्क्रिय हुनेछन् ।

आज्ञाले
भक्त राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र